बैठक मितिः २०७८/५/१७

बैठक सङ्ख्या : ३

**छलफल तथा निर्णय**

१. आयोगको सदस्य पदमा नेपाल सरकारको मिति २०७८/५/३ को निर्णयानुसार नियुक्त हुनुभएका माननीय सदस्य डा. उमाशंकर प्रसादलाइ राष्ट्रिय योजना आयोगमा स्वागत गरियो।

२. गृह मन्त्रालयबाट निजी क्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापनका लागि तयार गरिएको "निजी क्षेत्रबाट सञ्चालित आयोजनाको सुरक्षा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८" को मस्यौदा उपर राय माग भई आएकोमा महाशाखाबाट प्राप्त राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

३. दिगो विकास कार्यक्रमका क्रियाकलापमा विनियोजित रकम अन्य शीर्षकमा रकमान्तर नगर्ने सम्बन्धमा सङ्घीय संसद, राष्ट्रिय सभा दिगो विकास तथा सुशासन समितिबाट प्राप्त निर्देशन अनुरूप "मन्त्रालयस्तरमा विनियोजन गरिएको रकम अर्को शीर्षकमा सामान्य टिप्पणीको आधारमा विनियोजन/रकमान्तर हुने देखिएकोले यसरी विनियोजन गरिएको रकम अर्को शीर्षकमा विनियोजन/रकमान्तर गर्नु अगाडि सार्वजनिक सुनुवाई र विशेषज्ञहरूसँगको अन्तरक्रिया/छलफल गरी चालु आ.व. को बजेटलाई थप दिगो विकासमैत्री बनाउनेतर्फ आवश्यक कार्य गर्न/गराउन नेपाल सरकारका सबै मन्त्रालय तथा केन्द्रियस्तरका निकायलाई लेखी पठाउने" निर्णय गरियो।

४. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को मस्यौदा उपर महाशाखाबाट प्राप्त राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

५. आयोगबाट गत आ.व. २०७७/७८ मा सम्पन्न भएका अध्ययन सम्बन्धी कार्य तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्बन्धमा हालसम्म भएका प्रगतिबारे छलफल गरियो ।